# लोक सेवा आयोग

## अप्राविधिक तर्फका न्याय, प्रशासन, लेखापरीक्षण र संघीय संसद सेवा, राजपत्र अनंकित द्वितीय श्रेणी, खरिदार वा सो सरह पदको प्रथम चरणको खुला प्रतियोगितात्मक लिखित परीक्षा

**Key ( A )** मितिः २०८०।६।६

समयः ४५ मिनेट पत्रः प्रथम पूर्णाङ्कः १००

बिषयः सामान्य ज्ञान तथा आधारभूत कार्यालय सीप परीक्षण

वस्तुगत बहुबैकल्पिक प्रश्नहरु (Multiple Choice Questions) [50×2=100]

| |
|---|
| उत्तरपुस्तिकामा प्रश्नपत्रको **Key** अनिवार्य रुपले उल्लेख गर्नुपर्नेछ । उल्लेख नगरेमा उत्तरपुस्तिका रद्द हुनेछ । साथै, परीक्षामा **Calculator, Mobile** जस्ता विद्युतीय उपकरणहरु प्रयोग गर्न पाइने छैन । |

1. सौर्यमण्डलमा तलका मध्ये कुन ग्रहलाई Terrestrial Planet पनि भनिन्छ ?
   (A) मङ्गल (Mars) (B) बृहस्पति (Jupiter) (C) शनि (Saturn) (D) अरुण (Uranus)
2. बेलायतको ग्रीनविच (Greenwich) भन्ने ठाउँ भएर जाने काल्पनिक शुन्य डिग्री देशान्तर रेखालाई के भनिन्छ ?
   (A) अन्तर्राष्ट्रिय तिथि रेखा (B) मध्य देशान्तर रेखा
   (C) प्रधान देशान्तर रेखा (D) प्रधान मध्यान्ह रेखा
3. भट्नाजोकुल हिमनदी (Vatnajokull Glacier) कुन महादेशमा पर्दछ ?
   (A) एशिया (B) उत्तर अमेरीका (C) युरोप (D) अष्ट्रेलिया
4. नेपालको तराई क्षेत्र समुन्द्री सतहबाट कति मिटर उचाईसम्म रहेको छ ?
   (A) 200 (B) 400 (C) 600 (D) 800
5. तलका कथनहरु अध्ययन गरी सही विकल्प छान्नुहोस् ।
   a) दरौंदी नदीको उद्गमस्थल गणेश हिमाल हो ।
   b) तलैया माटो खेतीपाती गर्न कृषिका लागि सर्वोत्तम मानिन्छ ।
   (A) a र b दुबै ठीक (B) a ठीक तर b बेठीक (C) a बेठीक तर b ठीक (D) a र b दुबै बेठीक
6. तलका मध्ये नेपालमा रहेको कुन ताललाई "कपिल ताल" भनेर पनि चिनिन्छ ?
   (A) बीसहजारी (B) बुलबुले (C) घोडाघोडी (D) झिलमिला
7. नेपालमा शुरुबाट राजा हुने क्रम तलका मध्ये कुन ठीक हो ?
   (A) द्रव्य शाह, छत्र शाह, राम शाह, पृथ्वीपति शाह (B) द्रव्य शाह, पृथ्वीपति शाह, राम शाह, छत्र शाह,
   (C) द्रव्य शाह, राम शाह, छत्र शाह, पृथ्वीपति शाह (D) द्रव्य शाह, छत्र शाह, पृथ्वीपति शाह, राम शाह,
8. निम्न कथन अध्ययन गरेर सही विकल्प रोज्नुहोस् ।
   अ) अंशुबर्माले चार थरिका टक (मुद्रा) चलाएका थिए ।
   आ) नरेन्द्रदेवले भद्राधिवास दरबार निर्माण गराएका थिए ।
   इ) शिलालेखमा "स्वस्ती नेपालभ्य" लेखाउने बसन्तदेव थिए ।
   ई) मानदेव शिवदेव प्रथमका ज्वाँइ थिए ।
   (A) अ र ई मात्र ठीक (B) आ मात्र ठीक (C) ई मात्र बेठीक (D) इ र ई मात्र बेठीक
9. निम्नमध्ये कुन कथन ठीक हो/हुन् ? सही विकल्प रोज्नुहोस् ।
   i) औद्योगिक क्रान्तिको शुरुवात बेलायतबाट भएको थियो ।
   ii) अक्टोबर क्रान्ति सन् 1919 मा भएको थियो ।
   iii) अक्टोबर क्रान्तिले रुसमा जार शासनको अन्त्य गर्‍यो ।
   (A) i र ii मात्र (B) i, ii र iii सबै (C) i र iii मात्र (D) i मात्र

Contd……

10. सूचि I र सूचि II बीच जोडा मिलाई सही विकल्प छान्नुहोस् ।

| सूचि I | सूचि II |
|---|---|
| a) घण्टाघर | 1) देव शम्शेर |
| b) सैनिक अस्पताल | 2) जुद्ध शम्शेर |
| c) बिराटनगर जुट मिल | 3) चन्द्र शम्शेर |
| d) गोरखापत्र प्रकाशन | 4) वीर शम्शेर |

(A) a-4, b-3, c-2, d-1 (B) a-4, b-2, c-3, d-1 (C) a-1, b-2, c-4, d-3 (D) a-3, b-1, c-4, d-2

11. वास्तविक सूचनालाई अर्को ठाउँमा उतार गर्दा हुबहु उतार गर्नुपर्नेमा उतार गर्दा पाइएको सूचनामा केही त्रुटीहरु हुन गएको छ । सूचनाहरुको अध्ययन गरी त्रुटीहरु पत्ता लगाउनुहोस् ।

| वास्तविक सूचना |
|---|
| सूचना ! सूचना !! सूचना !!! <br> यस Water Supply Tank को मर्मत गर्नुपर्ने हुँदा Water Supply Tank NAGARJUN-10, Kathmandu दश दिनलाई बन्द गरिएको छ । |
| **उतार गर्दा पाईएको सूचना** |
| सूचना ! सुचना !! सूचना !!!! <br> यस Water Suply Tank को मर्मत गर्नूपर्ने हुदा Water Supply tank NAGARJUNA-10, Kathmadu दस दीनलाई बन्द गरिएका छ । |

(A) पहिलो हरफमा 2, दोस्रो हरफमा 5, तेस्रो हरफमा 4 (B) पहिलो हरफमा 1, दोस्रो हरफमा 5, तेस्रो हरफमा 3

(C) पहिलो हरफमा 3, दोस्रो हरफमा 8, तेस्रो हरफमा 5 (D) पहिलो हरफमा 4, दोस्रो हरफमा 8, तेस्रो हरफमा 5

12. तल दिइएको वाक्यमा विद्यालयको नाम के छ ?

वाक्यः- गणेश माध्यमिक विद्यालयको स्थापना 2030 सालमा भएको थियो ।

(A) गणेस (B) गनेश मा. वि.

(C) गणेश मध्यामिक विद्यालय (D) गणेश माध्यमिक विद्यालय

13. दिइएको अनुक्रम (Series) लाई पूरा गर्न प्रश्नचिन्ह (?) भएको ठाउँमा कुन विकल्प उपयुक्त हुन्छ ?

6, 13, 28, 59, ?


(A) 111 (B) 122 (C) 126 (D) 128

14. चित्र (X) को प्रश्नचिन्ह (?) लागेको स्थानमा कुन वैकल्पिक चित्र उपयुक्त हुन्छ ?



(X) (A) (B) (C) (D)


15. कुनचाँहि चित्र अरुभन्दा फरक छ ?




(A) (B) (C) (D)

Contd.......

16. तलको प्रश्नमा दुईवटा चित्र समूहहरु छन् । चित्र a र b बीच एक निश्चित सम्बन्ध रहेको छ । सो सम्बन्धको सूत्र पत्ता लगाउनुहोस् र d को प्रश्नचिन्ह (?) भएको स्थानमा कुन विकल्प चित्र राख्दा a र b बीचको जस्तै सम्बन्ध स्थापित हुन्छ ?




a b c d




(A) (B) (C) (D)

17. निम्न मितिका फाईलहरुलाई शुरु मितिदेखिको क्रम (Order) अनुसार मिलाउनुहोस् र उपयुक्त विकल्प रोज्नुहोस् ।
1. असार 5, 2019 2. पुष 20, 2018 3. कार्तिक 15, 2017 4. पुष 12, 2018 5. असोज 4, 2019
(A) 1-5-3-2-4 (B) 3-4-2-1-5 (C) 3-2-4-1-5 (D) 5-1-3-4-2

18. कुनै एउटा कार्यालयमा दरखास्त दिने उम्मेदवारहरुको विवरण निम्न तालिका अनुसार रहेको छ ।

| | नाम | जन्म मिति | शैक्षिक योग्यता |
|---|---|---|---|
| 1 | Srijana Sing | 2053/12/14 | स्नातकोत्तर |
| 2 | Sirjana Shrestha | 2053/2/12 | स्नातक |
| 3 | Srijana Sharma | 2054/1/5 | आचार्य |
| 4 | Shreejana Shilpakar | 2053/6/6 | स्नातक |

उल्लेखित नामहरुलाई बर्णानुक्रम फाईलिङ्ग व्यवस्था अनुसार मिलाउने हो भने नामहरु कुन क्रममा रहनेछ ?
(A) 1,2,3,4 (B) 3,2,1,4 (C) 3,2,4,1 (D) 4,2,3,1

19. 14 र 49 बीच जस्तै सम्बन्ध भएका तलका मध्ये कुन उपयुक्त विकल्प हो ? पत्ता लगाउनुहोस् ।
(A) 52 र 182 (B) 50 र 125 (C) 18 र 27 (D) 12 र 30

20. तल दिइएका शब्दहरुमा कुन शब्द अन्यभन्दा फरक छ ?
(A) Verify (B) Confirm (C) Authenticate (D) Ask

21. निम्न भनाइहरु अध्ययन गर्नुहोस् र सही विकल्प छान्नुहोस् ।
i) नेपाल सरकार र नेकपा (माओबादी) बीच विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर 2063 साल मंसिर 5 गते भएको हो ।
ii) कालापानी, लिपुलेकसहितको नेपालको चुच्चे नक्शा 2077 साल जेठ 5 गते जारी भएको हो ।
(A) i र ii दुबै ठीक (B) i ठीक तर ii बेठीक (C) ii ठीक तर i बेठीक (D) i र ii दुवै बेठीक

Contd.......

22. समूह I सँग समूह II को जोडा मिलाई सही विकल्प रोज्नुहोस् ।

| समूह I | समूह II |
|---|---|
| a) फ्रान्सको राज्य क्रान्ति | i) सन् 1917 |
| b) भारतीय स्वतन्त्रता संग्राम | ii) सन् 1947 |
| c) अक्टोबर क्रान्ति | iii) सन् 1789 |
| d) अमेरिकी स्वतन्त्रता संग्राम | iv) सन् 1775 |

(A) a-iv, b-i, c-ii, d-iii (B) a-i, b-ii, c-iv, d-iii (C) a-iii, b-ii, c-i, d-iv (D) a-iii, b-i, c-ii, d-iv

23. आ.व. 2078/79 मा प्रतिव्यक्ति कुल राष्ट्रिय आय (प्रचलित मूल्यमा) कति अमेरिकी डलर रहेको थियो ?

(A) 1397 (B) 1400 (C) 1407 (D) 1415

24. पाटनको कृष्ण मन्दिर तलका मध्ये कसको पालामा बनेको हो ?

(A) योगनरेन्द्र मल्ल (B) जयस्थिति मल्ल (C) प्रताप मल्ल (D) सिद्धिनरसिंह मल्ल

25. नेपालमा रहेका जाति र ती जातिसँग प्रचलित लोक नाचवीच जोडा मिलाउँदा तलका मध्ये कुन सही छ / छन् ? सही विकल्प छान्नुहोस् ।

मगर ←————→ कौरा नाच

लिम्बु ←————→ धान नाच

गुरुङ ←————→ सोरठी नाच

(A) कुनै पनि जोडाहरु मिलेका छैनन् । (B) एक जोडा मात्र मिलेको छ ।

(C) दुई जोडा मात्र मिलेका छन् । (D) सबै जोडाहरु मिलेका छन् ।

26. निम्न संविधान र ती संविधान संशोधन भएको पटकबीच जोडा मिलाई सही विकल्प छान्नुहोस् ।

| संविधान | संशोधन भएको पटक |
|---|---|
| a) नेपालको अन्तरिम शासन विधान, 2007 | i) भएन |
| b) नेपालको संविधान, 2019 | ii) 6 पटक |
| c) नेपाल अधिराज्यको संविधान, 2047 | iii) 12 पटक |
| d) नेपालको अन्तरिम संविधान, 2063 | iv) 3 पटक |

(A) a-ii, b-iv, c-i, d-iii (B) a-i, b-iv, c-ii, d-iii (C) a-i, b-iii, c-iv, d-ii (D) a-ii, b-iv, c-iii, d-i

27. विद्यमान नेपालको संविधानको सन्दर्भमा तलका कथनहरु अध्ययन गरी कुन कुन कथन सही छ/छन् ? छान्नुहोस् ।

a) यस संविधानमा 35 भाग, 308 धारा र 9 अनुसूचिहरु छन् ।

b) यसमा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचि अनुसूचि-7 मा व्यवस्था गरिएको छ ।

c) यसमा संघ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित छ ।

(A) a र b मात्र (B) a र c मात्र (C) b र c मात्र (D) a, b, c सबै

28. निम्न कथनहरु अध्ययन गरी सही उत्तर छनौट गर्नुहोस् ।

i) चिनियाँ सरकारले सन् 2013 मा अपनाएको विश्वव्यापी विकास रणनीति Belt and Road Initiative हो ।

ii) MCC संयुक्त राज्य अमेरिकाको एक गैरसरकारी संस्था हो जसले आर्थिक वृद्धिबाट विश्वव्यापी गरिबी घटाउन काम गरिरहेको छ ।

(A) i मात्र ठीक (B) ii मात्र ठीक (C) i र ii दुवै ठीक (D) i र ii दुवै बेठीक

29. बैज्ञानिक र बैज्ञानिकसँग सम्बन्धित आविष्कारबीच जोडा मिलाई सही विकल्प छान्नुहोस्।

| <u>बैज्ञानिक</u> | <u>आविष्कार</u> |
|---|---|
| a) Humphry Davy | i) Radioactivity |
| b) Henri Becquerel | ii) Transmission of malarial parasites by mosquitoes |
| c) Ronald Ross | iii) Safety Lamp |
| d) Guglielmo Marconi | iv) Radio |

(A) a-iii, b-iv, c-i, d-ii (B) a-i; b-iii, c-iv, d-ii (C) a-iii, b-i, c-ii, d-iv (D) a-i, b-iv, c-ii, d-iii

30. शरीरको संरचना वा बनावटको बारेमा अध्ययन गर्ने शास्त्र तलका मध्ये कुन हो ?

(A) Anatomy (B) Cardiology (C) Oncology (D) Mycology

31. 100 वा सो भन्दा माथिको एक संख्या लिनुहोस्। सो संख्याले 1 लाई भाग गर्नुहोस्। आएको भागफलमा 1 जोड्नुहोस्। आएको योगफलको घातांक शुरुको संख्या प्रयोग गरी हिसाब गर्नुहोस्। अन्तमा कुन संख्या आउँछ ?

(A) 1000 भन्दा माथिको संख्या (B) 100 र 1000 बीचको कुनै संख्या
(C) 10 र 100 बीचको कुनै संख्या (D) 10 भन्दा कमको संख्या

32. दुईभन्दा बढी स्वर बर्ण भएको विकल्प छान्नुहोस्।

(A) जमजनपनखअवकषलथउबदमपक्षइयलखय (B) जमजनपनखअवकषलथचबदमपक्षइयलखय
(C) जमजनपनखअवकषलथउबदमपक्षहयलखय (D) माथिका सबै

33. तीन संख्याको औषत 19 हुन्छ। यी संख्याहरु मध्ये दुई संख्याको औषत 24 हुन्छ भने तेस्रो नम्बर कुन हो ?

(A) 8 (B) 9 (C) 10 (D) 11

34. तल दिइएको मेट्रिक्समा प्रश्नचिन्ह (?) को सट्टामा उपयुक्त विकल्प रोज्नुहोस्।

| | | | |
|---|---|---|---|
| 9 | 5 | 57 | 29 |
| 11 | 12 | 85 | 48 |
| 8 | 17 | ? | 57 |

(A) 66 (B) 48 (C) 24 (D) 20


35. यदि SALT लाई कुनै कोड भाषामा TMBS लेखिन्छ भने सोही भाषामा SUGAR लाई के लेखिन्छ ?

(A) RBHVS (B) RAGUS (C) RBVHS (D) RBFVS

36. यदि कोड भाषामा COULD लाई BNTKC र MARGIN लाई LZQFHM लेखिएको छ भने त्यही कोडमा MOULDING लाई कसरी लेखिन्छ ?

(A) CHMFINTK (B) LNKTCHMF (C) LNTKCHMF (D) NITKHCMF

37. दिइएको चित्रमा त्रिभुजको संख्या कति छ ?



(A) 18 (B) 19 (C) 20 (D) माथि कुनै ठीक छैन

38. रमेश शिवको भाइ हो। मदन रमेशको बुबा हो। जितेन्द्र प्रियांशुको भाइ हो र प्रियांशु शिबकी छोरी हुन्। अबिरल यी सबैका टाढाको नातेदार हो। अब, जितेन्द्रको काका को हो ?

(A) शिब (B) रमेश (C) मदन (D) अबिरल

39. एकजना मानिस उसको घरबाट दक्षिण-पश्चिमतर्फ हिंड्न थाल्छ । विकल्पमा दिइएका मध्ये कुन अवस्थामा उ घुम्ने हो भने उसलाई उसको घरबाट दक्षिण-पूर्वमा पुग्न सहयोग हुन्छ ?

(A) दायाँ-हाततर्फ, दायाँ-हाततर्फ, दायाँ-हाततर्फ (B) बायाँ-हाततर्फ, बायाँ-हाततर्फ, बायाँ-हाततर्फ
(C) दायाँ-हाततर्फ, बायाँ-हाततर्फ, बायाँ-हाततर्फ (D) बायाँ-हाततर्फ, बायाँ-हाततर्फ, दायाँ-हाततर्फ

40. एक व्यक्ति 3 किलोमिटर पूर्वतर्फ दौडियो र देब्रेतर्फ फर्किएर 4 किलोमिटर हिंड्यो भने उ शुरुको स्थानबाट सिधा रेखाको दुरीमा कति किलोमिटर टाढा पुग्यो ?

(A) 1 km (B) 5 km (C) 7 km (D) 12 km

41. IUCN को पूर्ण रुप के हो ?

(A) International Unity for Conservation of Nature (B) International Unified Commission for Nature
(C) International Union for Conservation of Nature (D) None of the above

42. सन् 2023 को विश्व सिमसार दिवस (World Wetlands Day) को नारा (Slogan) तलका मध्ये कुन हो ?

(A) Wetlands and Biodiversity
(B) Wetlands in minimization of disaster risk
(C) Wetlands for sustainable future of cities
(D) It's time for wetlands restoration

43. नेपालको चालू आवधिक पन्ध्रौं योजनाको अन्त्यसम्ममा वायु प्रदुषणको औषत मात्रा कति माइक्रोग्राम प्रति घन मिटरमा झार्ने लक्ष्य लिइएको छ ?

follow us on facebook page शिक्षा

(A) 60 (B) 50 (C) 40 (D) 30

44. Michael Houghton, Harvey J. Alter र Charles M. Rice लाई कुन Virus पत्ता लगाए बापत सन् 2020 को Medicine तर्फको Nobel Prize प्रदान गरिएको थियो ?

(A) Hepatitis C (B) Corona (C) Sars (D) Marburg

45. "प्रत्येक आमाले आफ्ना बच्चा र बिरुवालाई बराबर ममता प्रदान गर्नुपर्छ" भन्ने नाराका साथ शुरु भएको वातावरण संरक्षण अभियान कुन हो ?

(A) ग्रीन बेल्ट मुभमेण्ट (B) क्योटो प्रोटोकल (C) अर्थ समिट (D) चीपको आन्दोलन

46. नेपालले संयुक्त राष्ट्रसंघको सदस्यता कहिले प्राप्त गरेको हो ?

(A) 1935 December 14 (B) 1955 December 14 (C) 1975 December 14 (D) 1995 December 14

47. संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) ले सार्वजनिक गरेको मानव विकास सूचकाङ्क (HDI) 2022 मा सबैभन्दा माथि रहेको SAARC मुलुक तलका मध्ये कुन हो ?

(A) भारत (B) भुटान (C) नेपाल (D) श्रीलङ्का

48. "जहाँ प्रेम छैन त्यहाँ जीवन छैन" भन्ने भनाइ कसको हो ?

(A) महात्मा गान्धी (B) लक्ष्मीप्रसाद देवकोटा (C) प्लेटो (D) वि. पि. कोइराला

49. सन् 2023 मा भारतले चन्द्रमाको दक्षिणी ध्रुवमा पठाएको अन्तरिक्ष यानको नाम के हो ?

(A) चन्द्रयान -2 (B) चन्द्रयान -3 (C) चन्द्रयान -4 (D) चन्द्रयान -5

50. नेपालले सन् 1967 मा संयुक्त राष्ट्र संघ अन्तर्गत कुन विशेष समितिको उपाध्यक्षमा रही काम गरेको थियो ?

(A) लागू पदार्थ नियन्त्रण सम्बन्धी (B) रङ्गभेद सम्बन्धी
(C) वातावरण संरक्षण सम्बन्धी (D) हिमालय पर्वत संरक्षण सम्बन्धी

««« The End »»»

उत्तरपुस्तिकामा प्रश्नपत्रको Key अनिवार्य रुपले उल्लेख गर्नुपर्नेछ । उल्लेख नगरेमा उत्तरपुस्तिका रद्द हुनेछ ।